लालबन्दी नगरपालिका,

नगरसभाको बाह्रौं अधिवेशनमा

नगर कार्यपालिका सदस्य श्री शिवकृष्ण बैद्य ज्यूले

प्रस्तुत गर्नुभएको

# आ.व. २०८१/०८२ को

# बजेट वक्तव्य

सम्बत् २०८१, आषाढ १० गते, सोमबार

लालबन्दी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही

मधेश प्रदेश, नेपाल

**सभाध्यक्ष महोदय,**

१. लालवन्दी नगर कार्यपालिकाले प्रदान गरेको जिम्मेवारी बमोजिम यस गरिमामय नगरसभामा नगरको आर्थिक वर्ष २०८१/०८२ को वजेट प्रस्तुत गर्न पाउँदा आफूलाई भाग्यमानी ठानेको छु। यो अवसर प्रदान गर्नुहुने लालवन्दी नगर कार्यपालिका र तमाम मतदाताहरुप्रति आभार व्यक्त गर्न चाहन्छु। मतदाताको अमूल्य मतलाई सम्मान गर्दै उनीहरुको दैनन्दिन समस्याहरुमा केन्द्रित भई नगर र नागरिकको गौरव बढोत्तरी गर्न नै हामी हरपल प्रयत्नरत छौं ।

२. स्थानीय तहमा नै यो सुन्दर अभ्यास गर्ने अवसर हामीलाई लोकतन्त्रले दिएको हो। तसर्थ लोकतन्त्र प्राप्तिको लडाईमा अथक मेहनत गर्नुहुने तमाम अग्रजहरुमा सम्मान. शहीदहरुमा हार्दिक श्रद्धाञ्जली, तथा घाईते योद्धाहरुमा शीघ्र स्वास्थ्यलाभ र सहज जीवन यापनको कामना गर्दछु ।

३. सिङ्गो मुलुकको अर्थतन्त्र नै शिथिल रहेको अवस्थामा नगरको आन्तरिक अर्थतन्त्र समेत झनै कमजोर बनेको विद्यमान चुनौतिपूर्ण अवस्थालाई चिर्दै आन्तरिक राजश्वका स्रोतको पहिचान र विस्तार गरी नागरिक मैत्री राजश्व प्रणालीको विकास गर्न तथा सो मार्फत सबै विषयक्षेत्रको सन्तुलित प्रवन्ध मिलाई नागरिकका अपेक्षा र नगरका प्राथमिकतामा आगामी बजेटमा मुखरित गर्ने प्रयत्न गरिएको छ।

**सभाध्यक्ष महोदय,**

**अव म चालु आर्थिक वर्ष २०८०/८१ को आजको मिति सम्मको प्रगति संक्षिप्तमा पेश गर्दछु।**

४. चालु आर्थिक वर्षको लागि हामिले सामाजिक सुरक्षा तथा संरक्षण (सामाजिक सुरक्षा भत्ता) खर्च वाहेक **१ अरब, ५ करोड, ९२ लाख, २० हजार** को अनुमानित आय प्रस्ताबित गरेका थियौं, उक्त अनुमान मध्ये **हाल सम्म ७७ करोड ४७ लाख ३१ हजार १०७** प्राप्त भई कुल अनुमान **को ७३.१४ प्रतिशत आम्दानि प्राप्त भएको छ। खर्च तर्फ ६१ करोड, ७६ लाख, ८१ हजार २२४ खर्च भई ५८.३१ प्रतिशत** खर्च प्रगति भएको छ। चालु खर्च तर्फ **६० करोड, ६३ लाख, २० हजार मध्ये ४२ करोड, ९७ लाख, ९६ हजार, ८७४** रुपैया खर्च भई अनुमानको **७१ प्रतिशत र पूजिगत तर्फ ४५ करोड, २९ लाख मध्ये १८ करोड, ७८ लाख, ८४ हजार ३४९ खर्च भई ४१.४८ प्रतिशत प्रगति हालसम्म भएको छ।** चालु आ.ब.को असार मसान्त सम्म आम्दानी र बजेट खर्चहुने क्रम जारी रहने हुँदा आम्दानी र खर्चको प्रतिशत केही बढने निश्चित रहेको छ ।

५. चालु आर्थिक वर्षमा आन्तरिक राजश्व अनुमान र असुलीको वीच ठूलो अन्तर देखिएको छ । संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा समेत संकुचन आएको छ। चालु आ.ब.को लागि स्वीकृत बजेट तथा कार्यक्रम समेत बजेट अभावले कार्यान्वयन हुन नसक्ने अवस्थामा पुगेका छन। चालु आ.ब.को बजेट खर्चको दवावलाइ समेत आगामी आ.ब.मा सम्बोधन गर्नु पर्ने आवश्यकता छ। यस विषयलाइ समेत बजेटले सम्बोधनको प्रयत्न गर्दा आगामी आ.व.को वजेटमा केही संकुचन आएको छ।

६. आन्तरीक राजश्वका श्रोतहरुको सम्भावना प्रर्याप्त हुँदा हुँदै पनि वित्त परिचालनमा नगरपालिकाले समस्या भोग्नु परिरहेको छ। तसर्थ आगामी आ.ब.को बजेटले राजश्वको दायरा विस्तृत र नागरिकमैत्री कर प्रणाली अवलम्बन गर्नु पर्ने छ। सो तर्फ वजेटले प्रयाप्त ध्यान दिएको छ।

**सभाध्यक्ष महोदय,**

७. **अव म आगामी आर्थिक वर्ष २०८१/०८२ को वजेटका विशेषताहरु पेश गर्दछुः**

क. अर्थतन्त्रको गतिहीनतालाई मध्यनजर गर्दे वजेट लाई यथार्थपरक वनाउने।

ख. स्रोतको सन्तुलित बितरण गर्ने ।

ग. स्वास्थ्य क्षेत्र सुधार, समुदायिक शिक्षाको गुणस्तर अभिबृद्धि, खानेपानी, सडक, ढल संरचना, पर्यटन पुर्वाधार निर्माण, कृषि तथा पशुपन्छी क्षेत्रको बिकास, सिँचाई र सिमान्तकृत तथा लक्षित समुदायलाई सिप बिकास को माध्यमवाट स्वरोजगार वनाउने बजेटको प्राथमिकता रहेको छ।

घ. लक्ष्य र तथ्यमा आधारित बिकास कार्यक्रम तर्जुमा र

ङ. सूचना प्राबिधिको अधिकतम प्रयोग मार्फत सुशासन अभिबृद्धि गर्ने ।

च. अनुत्पादक क्षेत्रलाई निरुत्साहित गरी उत्पादन क्षेत्रलाई प्राथमिकतामा राख्ने ।

**सभाध्यक्ष महोदय,**

८. बिकासको मूल आधार वडा लाईनै वनाउने प्रयत्न वजेटले गरेको छ। बिकास वजेटको अधिकांश हिस्सा वडा स्तरमै खर्च गर्ने गरी वडा तहमा पठाईएको छ। **वडा तहको पुर्वाधार विकासका लागि रु. १४ करोड, ३१ लाख, ४७ हजार र नगरस्तरीय बिषयक्षेत्रगत आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण र विपद् व्यवस्थापन र संस्थागत विकास एवं सुशासन तर्फ रु. ११ करोड, ४ लाख ३४ हजार बजेट विनियोजन गरिएको छ ।**

९. चालु बर्षबाटै ठेक्का बन्दोवस्त गरी २ वर्षभित्रै निर्माण सम्पन्न गर्ने गरी नगर अस्पताल निर्माणको लागि बजेटको पर्याप्त सुनिस्चितता गरिएको छ । नगरको आफ्नै प्रशासनिक भवनको अभावमा सेवाग्राहीहरुले भोग्नु परेको सास्तिलाई मध्यनजर गर्दै दानविरबाट प्राप्त नगरको जग्गामा पाँच तल्ले नगर कार्यपालिकाको कार्यालयको प्रशासनिक भवन निर्माण शुभारम्भ गरिएको छ। उक्त भवनलाई समेत २ बर्ष भित्रै सक्ने लक्ष्य राखी यथेष्ट बजेट छुट्याईएको छ ।

१०.नगरमा आधारभूत गुणस्तरिय स्वास्थ्य सेवाको प्रवन्ध गर्न बजेटले मुख्य ध्यान पुर्‍याएको छ। अस्पताल तथा स्वास्थ्य संस्थाहरुको पूर्वाधार निर्माण तथा मर्मत, औजार उपकरणको प्रवन्ध, औषधी व्यवस्थापन, स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच अभिबृद्धि तथा मातृ तथा शिशु स्वास्थ्य प्रवर्द्धन र थप सेवा विस्तार समेत गरी स्वास्थ्य क्षेत्रका लागि पर्याप्त बजेट विनियोजन भएको छ। चालु आ.ब.मै स्थापना भई सञ्चालनमा आएको वडा नं. ५ को नागरिक आरोग्य आयुर्वेद केन्द्रको पूर्वाधार र औषधीको लागि समेत प्रर्याप्त बजेट विनियोजन भएको छ।

११.सार्वजनिक शिक्षाको गुणस्तर अभिबृद्धि गरी सबै बालबालिकाहरुलाइ सामुदायिक शिक्षामा आकर्षिक गर्ने लक्ष्य बजेटले लिएको छ। शैक्षिक पुर्वाधार, शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि, अन्य शैक्षिक सामाग्रीहरुको प्रवर्द्धन, क्षमता विकास तथा उत्प्रेरणात्मक कार्यक्रमहरु तथा अभिभावक लक्षित कार्यक्रमहरु सेमत बजेटले सम्बोधन गर्ने प्रयास गरेको छ।

१२.लालबन्दी नगरका अधिकांश नागरिक कृषि व्यवसायमा आश्रित रहेको कुरालाइ नगरपालिकाले प्रर्याप्त ध्यान पुर्याएको छ। नवलपुर र लालबन्दी तरकारी बजारलाइ व्यवस्थित गर्ने रानिगञ्जमा नयाँ तरकारी बजारको स्थापना गर्ने कृषि क्षेत्रलाइ आधुनिक तथा व्यवसायीक बनाउने, खेतियोग्य सबै क्षेत्रमा सिँचाईको प्रवन्ध गर्ने, कृषकहरुको क्षमतामा बढोत्तरी गर्ने, उत्पादनोपरान्तको क्षतिलाइ न्यूनिकरण गर्ने कृषि उत्पादनको प्रशोधन तर्फ ध्यान दिइ मूल्य अभिबृर्द्धि गरी कृषकहरुको आयस्तरलाइ बढोत्तरी गर्ने कार्यक्रमहरु प्रस्ताव गरिएका छन।

१३.पशुपंछीको नश्ल सुधार, रोग तथा माहामारी नियन्त्रण, पशु आहारको प्रवर्द्धन, पशु संरक्षणका लागि विमा, मासु र दुधमा आत्म निर्भर नगर बनाउने प्रयास बजेटमा गरिएको छ। पशुपंछी क्षेत्रको लागि आवश्यक बजेटको प्रवन्ध गरेको छु।

१४.नयाँ पर्यटन गन्तव्यहरुको खोजि विद्यमान पर्यटकिय स्थलहरुको पूर्वाधार विकास गरी नगरलाइ प्रदेशकै पर्यटकीय गन्तव्य बनाउने लक्ष्य बजेटले लिएको छ। काठमाण्डौं विश्वविद्यालयको विस्तारिकरण कार्यक्रम, नारायण डाँडा, जल्किनी मन्दिर, बाहुनी डाँडा, बोहोरे डाँडा, शान्ति पार्क, वनवाटीका, डुमडुमे क्षेत्र, नन्देश्वर छटिमाई आदी पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माणमा बजेट व्यवस्था गरिएको छ। जब्दी, नारायणखोला, नारायणडाँडाँ, जियाजोर, परवानिपुर र नेत्रगञ्ज लगायतका क्षेत्रमा पर्यटकीय पार्क स्थापना गर्ने लक्ष्य लिइएको छ।

१५.नागरिकको सहज आवागमन व्यवस्था गर्ने, नागरिकको उत्पादन ढुवानीको सहजिकरण गरी लागत घटाउने कार्यका लागि सडक तथा पुल निर्माण कार्यलाइ बजेटले प्राथमिकतामा राखेको छ। संघ सरकारसँगको समपुरक साझेदारिमा निर्माण भएको कालिन्जोर खोला पुल आगामी आ.ब.को शुरुवातमै सम्पन्न गर्ने र हालसम्म सडक सञ्जालसँग नजोडिकएको मधेशको कर्णाली उपनामले चिनिने नारायणखोला पुल निर्माण कार्य समेत आगामी आ.ब. भित्रै सम्पन्न गर्ने लक्ष्य राखी बजेट व्यवस्थापन गरिएको छ ।

१६.खानेपानी नागरिकको आधारभूत आवश्यकता रहेको तथ्यलाइ मध्यनजर गरी हाम्रो कार्यकाल भित्रै लालबन्दी नगरको शत प्रतिशत घरपरिवारमा खानेपानी पहुँच पुर्याउन एक घर एक धारा अभियान सञ्चालन गर्ने संकल्प लिइएको छ। नयाँ आयोजनाहरु पहिचान र निर्माण, सञ्चालित आयोजनाहरुको विस्तार मर्मत सम्भारमा बजेटले ध्यान दिएको छ। खानेपानी पूर्वाधार निर्माण गर्दा पानीको शुद्धीकरणलाइ विशेष ध्यान दिइनेछ। यसको लागि आवश्यक बजेटको प्रवन्ध मिलाईएको छ ।

१७.संघ सरकारसँगको समन्वयमा विद्युत विस्तारलाइ गति दिइनेछ। विद्युतको पहुँच नपुगेका नागरिकका घरधुरीमा बैकल्पिक रुपमा सौर्य बत्तिहरु जडान गरिनेछ। सडक तथा राजमार्गहरुमा सुरक्षा तथा सौन्दर्य विस्तारका लागी सडक बत्ति जडान गरिनेछ। घरेलु उर्जामा दाउरा प्रतिस्थापन गर्न विद्युतिय चुलो वितरण गरिनेछ। उर्जा क्षेत्रका लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

१८.अव्यवस्थित बसोबासी र सुकुम्बासीलाइ भूमिको मालिक बनाउन जग्गा नापजाँच श्रेष्ता तयारीको कार्य सम्पन्न गरिएको छ। सो को लागि बजेट कमी नहुने व्यवस्था मिलाईएको छ।

१९.यूवा वर्गको दक्षता र क्षमतालाइ नगरको उन्नतीमा उपयोग गर्ने नीति बजेटले लिएको छ। यूवाहरुलाइ दुर्व्यशनबाट टाढा राख्ने, खेलकुद पूर्वाधारहरुको निर्माण गर्ने, खेल क्षेत्रमा प्रशिक्षकको प्रवन्ध गर्ने, विद्यालय तहमा खेलकुद कार्यक्रम सञ्चालन गर्न बजेटले दिशानिर्देश गरेको छ। राधाकृष्ण खेलमैदानलाइ प्रदेशस्तरिय रङ्गशालाको रुपमा विकास गर्ने संकल्प लिईएको छ। यूवाहरुलाइ उच्च मूल्य र प्रविधि युक्त कृषि उत्पादनमा आकर्षित गरिनेछ। नगरको बजेट कार्यान्वयनमा शृजना हुने सबैखाले स्वरोजगारका क्षेत्रमा यूवाहरुको सिप र दक्षता अभिबृद्धि गरिनेछ। यूवा, खेलकुद र रोजगारका क्षेत्रमा यथेष्ट बजेट प्रस्ताव गरिएको छ।

२०.महिला समुदायको मूल प्रवाहिकरणका लागि घरेलु हिंशा न्यूनिकरण, क्षमता विकास, सचेतना अभिबृद्धि, प्रजनन स्वास्थ्य तथा सिप विकास गरी आय आर्जनमा आवद्ध गराउने लक्ष्य बजेटले लिएको छ। सुत्केरी पुर्व निःशुल्क एम्बुलेन्स सेवा मार्फत स्वास्थ्य संस्थासम्मको पहुँच बढाइनेछ।

२१.नगरलाइ बालमैत्रि नगर बनाउने लक्ष्यका साथ राष्ट्रिय सूचकहरुमा आधारित भइ कार्यक्रम गर्ने गरी बजेट व्यवस्था गरिएको छ।

२२.आदिवासी, जनजाति, थारु, मधेशी, दलित, जेष्ठ नागरिक, अपाङ्ग लगायतका समुदायलाइ मूल प्रवाहीकरण गर्न सवै वडाको प्रतिनिधित्व रहने गरी कार्यपालिका मातहतमा गठन गरिएको बिषयगत परिषद्हरुको नीतिगत तथा कार्यक्रमगत पृष्ठ पोषणको आधारमा लक्षित कार्यक्रम सञ्चालन गर्ने गरी आवश्यक बजेट छुट्याईएको छ।

२३.सहकारी क्षेत्रको क्षमता विकास गरी सहकारीलाइ जनताको भरपर्दो साथिको रुपमा स्थापित गर्न सहकारी क्षेत्रको क्षमता विकासका कार्यक्रमहरु बजेटमा प्रस्ताव गरेको छु।

२४.नीजि क्षेत्रसँगको साझेदारी विना उद्योग तथा बाणिज्य क्षेत्रको विकास सम्भव नहुने तथ्यलाइ मध्यनजर गर्दै सरोकारवालाहरुको साझेदारीमा उद्योग र व्यवसाय दर्ता सहजिकरण गर्ने प्रयास गरिएको छ। उद्योग बाणिज्य संघसँगको साझेदारिमा व्यवसाय दर्ता महाअभियान तथा उद्योग, व्यापार तथा खाना मेला गर्न बजेट प्रस्ताव गरिएको छ।

२५.भाषाको उन्नयनबाट सम्बन्धित समुदायको साँस्कृतिक पहिचान समेत उजागर हुने तथ्यलाइ ध्यानमा राख्दै सम्बन्धित समुदायलाइ आफ्नो मातृभाषाको बोल्ने र लेख्ने सीप प्रदान गरिनेछ। मूर्तिकला, काष्ठकला तालिममा ध्यान दिइनेछ। समुदायका विशिष्ट पहिचानका नृत्य तथा गितको प्रशिक्षण दिइनेछ। साहित्य प्रति उत्प्रेरित गर्न साहित्य लेखन तालिम, साहित्यकारको सम्मान जस्ता कार्यक्रम सञ्चालन गरिनेछ। सोको लागि आवश्यक बजेट छुट्याएको छु।

२६.सञ्चार जगतले नागरिक र सरकारलाइ जोडने काम गर्छ, तसर्थ सञ्चार जगतसँगको सहकार्यबाट नागरिक र सरकारको सम्बन्ध सुमधुर हुन्छ भन्ने तथ्यलाइ आत्मासाथ गर्दै स्थानीय सञ्चार माध्यमको संरक्षण लोक कल्याणकारी सूचना तथा विज्ञापनहरुको सन्तुलित वितरण पत्रकार तथा मिडियाकर्मीहरुलाइ विषय क्षेत्रगत तालिम प्रदान गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

२७.वन क्षेत्रको प्रवर्द्धन गर्न सामुदायिक वन भित्र फलफुल तथा उच्चमूल्यका काष्ठजन्य वनस्पति रोप्नका लागि वन उपभोक्तासँग सहकार्य गर्ने, तथा नदी उकास तथा ऐलानी जग्गामा सार्वजनिक वागवानी स्थापना गर्ने, राजमार्गमा सौन्दर्यिकरण प्रयोजनका लागि बृक्षारोपण गर्ने कार्यका लागि बिरुवा खरिदमा आवश्यक बजेट विनियोजन गरेको छु।

२८.संघ तथा प्रदेश सरकारसँगको समन्वयमा ठुला नदी कटान नियन्त्रण आयोजना सञ्चालन गरिनेछ। साना नदी तथा डुवान क्षेत्रको समस्या निराकरण गर्न बजेटको व्यवस्था गरिएको छ।

२९.विपदमा परेका नागरिकका जनधनको सुरक्षा गर्न र विपद पश्चात राहत र पुनर्थापना गर्ने नगरको दायित्व कार्यान्वयन गर्न बजेट विनियोजन गरिएको छ। विपद् व्यवस्थापनमा बजेटकोव अभाव हुन नदिने व्यवस्था मिलाइनेछ।

३०.कानूनहरुको तर्जुमा तथा पुनरावलोकन र न्यायिक समितिको कार्यसम्पादन क्षमतालाइ बढोत्तरी गर्न तालिम, भौतिक पूर्वाधार विकासमा पर्याप्त ध्यान दिइएको छ।

३१.सूचना प्रविधिको प्रयोगबाट नागरिकले सेवा प्राप्तिमा सहज र झण्झट रहित वातावरण तयार गर्न आवश्यक पूर्वाधार तथा तालिमका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

३२.कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आवश्यक विषयगत तालिम र अध्ययन अवलोकन भ्रमणलाइ ध्यान पुर्याइएको छ।

३३.छात्रबृत्ति, स्वास्थ्य विषेशज्ञ सेवा, कृषि, पशु विकास जस्ता गत वर्ष सञ्चालित जनउपयोगि कामका असल अभ्यासलाइ निरन्तरता दिइनेछ ।

३४.यस नगर र प्रदेशकै गौरवको आयोजनाको रुपमा हेरिएको त्रिभुवननगर-लालबन्दी-मरिण-दुम्जा सडक निर्माण मध्ये पत्थरकोट-मरिण खण्डको सडक निर्माण शुभारम्भ गर्न प्रथम चरणमा रु.१ करोड बजेट विनियोजन भएको छ। त्यस्तै वडा नं. १२ जियाजोर देखि भालुखोप हुँदै सुनचुली क्यानेश्वरसम्म को सडक निर्माण आगामी आ.ब.बाटै शुरु हुने गरी २ करोड र वडा नं. ११ बाहुनी देखी परवानिपुर हुँदै कालिन्जोरसम्मको सडक निर्माणको लागि समेत २ करोड बजेट व्यवस्थापन भएको छ ।

३५.जब्दी, जुटपानी र राजमार्गको आसपास ठुला नदी किनार तथा अन्य नदी उकास जग्गाहरुमा उपयुक्तता हेरी बहु उपयोगी हुने पोखरीहरु निर्माण गर्ने योजना सञ्चालन गरिनेछ।

३६.साना तिना योजना, धार्मिक मठ मन्दिर, सिँचाइ, खानेपानी, शिक्षा स्वास्थ्य अधुरा काम आकस्मिक रुपमा पुरा गर्न श्रोतको सुनिश्चितता गरिनेछ।

३७.रेडक्रश, सर्पदंश उपचार केन्द्र, अपाङ्ग पुनर्थापना केन्द्र, बृद्धाश्रम व्यवस्थापन, प्रहरी साझेदारी, जनज्योति क्याम्पस व्यवस्थापन, रङ्गशाला निर्माण, योगध्यान केन्द्र जस्ता सिङ्गो नगरका जिम्मेवारीका विषयहरुमा वडा र नगरको संयुक्त साझेदारी स्थापीत गर्ने व्यवस्था गरिएको छ।

३८.औधोगिक ग्राम, फोहोरमैला प्रशोधन केन्द्र, ढल सञ्चाल गुरुयोजना लगायत अन्य पर्यटकीय पूर्वाधारहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न पर्याप्त बजेट छुट्याईएको छ ।

३९.लालबन्दी, ईश्वरपुर र हरिपुर नगरपालिका बीच भएको अन्तरपालिका स्तरिय समझदारि बमोजिम यस नगरको जब्दी क्षेत्रमा थारु साँस्कृतिक केन्द्र निर्माणको लागि बजेट व्यवस्थापन गरिएको छ। ३ पालिकाहरुको संयुक्त साझेदारिमा फोहोरमैला व्यवस्थापन केन्द्र सम्भाव्यता अध्ययनको लागि र बारुण यन्त्र सञ्चालनको लागि बजेट व्यवस्थापन भएको छ ।

४०.राजमार्गको उत्तरि क्षेत्र लक्षित गरि तामाङ्ग संग्राहालय निर्माण शुभारम्भ गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

४१.उपरोक्त आयोजना तथा कार्यक्रम सञ्चालन तथा नगरको नीति तथा कार्यक्रम कार्यान्वयनका लागी **कुल रु.१ अरब, ५१ करोड, ४८ लाख, ९२ हजार** को आय तथा व्यय अनुमान पेश गरेको छु।
**आय तर्फको श्रोत सूची र व्यय तर्फको खर्चका क्षेत्रहरु यसैको साथ संलग्न अनुसूचीमा संलग्न गरेको छु ।**

**सभाध्यक्ष महोदय,**

४२.बजेट प्रस्ताव गर्दा आन्तरिक आयको अनुमान अझैपनि तथ्य परक बन्न सकेको छैन। राजश्व सुधारको लागि अध्ययन गरी प्रतिवेदन तयारी कार्य भैरहेको छ। सो प्रतिवेदनले आगामी दिनमा स्पष्ट मार्ग निर्देशन गर्ने विश्वास गरेको छु। नदीजन्य पदार्थहरुको उत्खनन् तथा व्यवस्थापन कार्यलाई अझ बढी बैज्ञानिक बनाउने, नक्सपास प्रणालीलाइ संस्थागत गर्ने, व्यवसाय दर्ता र बहाल कर महाअभियान सञ्चालन गर्ने, जग्गा विकास कार्यलाइ कानूनी दायरामा ल्याउने, जस्ता कार्यमा क्रियाशिल हुन सके आन्तरिक राजश्व बढोत्तरी तत्काल हुन सक्ने अवस्था छ। यसका अतिरिक्त सार्वजनिक पोखरी तथा बागवानीहरुको निर्माण र सञ्चालन, पर्यटकीय पूर्वाधारहरुको विकास र विस्तार तथा व्यवसायिक कम्प्लेक्सहरुको निर्माण र सञ्चालन गर्ने हाम्रो सोचले दिर्घकालिन रुपमा लालबन्दी नगरलाइ आत्मनिर्भरता तर्फ उन्मुख गराउने विश्वास छ।

**सभाध्यक्ष महोदय**

४३.बजेट तर्जुमा गर्दा यथासम्भव सबै नागरिक समुदाय, सरोकारवाला क्षेत्र, भू-गोल, सबै विषयगत क्षेत्रहरु लाई समेटी सन्तुलित बनाउने प्रयत्न गरिएको छ। सकेसम्म बजेट नगरका नागरिकले अपेक्षा गरेका प्राथमिकताका क्षेत्रमा केन्द्रीत छ। यद्यपी हामी जनप्रतिनिधी तथा कर्मचारीहरुको दक्षता एवं समयको दबाब आदीका कारण नगरले सम्बोधन गर्नै पर्ने विषय क्षेत्रहरु छुटेका हुन सक्छन। बजेट कार्यान्वयनको क्रममा नगर कार्यपालिकाले आवश्यक ध्यान दिनेछ भन्ने विश्वास दिलाउन चाहान्छु। बजेट तर्जुमाका लागी औपचारिक तथा अनौपचारिक माध्यमबाट सुझाव तथा पृष्ठपोषण प्रदान गर्नु हुने जनप्रतिनिधिज्यूहरु, संघ तथा प्रदेशका पदाधिकारीज्यूहरु, नागरिक समाज, सञ्चार जगत, लालबन्दी नगरलाइ सुभेच्छा प्रदान गर्नु हुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। बजेट तर्जुमामा अहोरात्र खटनुहुने राजश्व परामर्श समितिका पदाधिकारीहरु, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका पदाधिकारीहरु, विषयगत समितिहरु, वडा समितिहरु र सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद् व्यक्त गर्दछु। यो बजेटले नगरको समृद्धिको दिशा निर्देश गर्नका लागी यसको कार्यान्वयनमा मेहनत गर्नु पर्ने भएकोले कार्यान्वयन पक्षमा आफ्नो समय र लगाव दिनु हुनेछ भन्ने अपेक्षा गरेको छु।

**श्री जलकेश्वर महादेवले हामी सवैको रक्षा गरुन । धन्यवाद् । नमस्कार**

अनुसूची-१

# लालबन्दी नगरपालिका

## आगामी आ.ब. २०८१/०८२ को राजश्व र व्यय (बजेट) अनुमान

**अ) आगामी आ.व.२०८१/०८२ को लागि देहाय बमोजिमको कूल राजश्व (बजेट) अनुमान गरिएको छ :**

| क्र.सं. | विवरण | आय अनुमान | कैफियत |
|---|---|---|---|
| **क)** | **सशर्त अनुदान** | | |
| १ | संघीय सशर्त अनुदान (चालु, पुँजिगत) | ५०२६११०००।०० | |
| २ | प्रदेश सशर्त अनुदान | ९५०००००।०० | |
| **जम्मा(सशर्त)** | | **५१२१११०००।००** | |
| **ख)** | **समानीकरण अनुदान** | | |
| १ | संघीय वित्तीय समानीकरण अनुदान | १५८२०००००।०० | |
| २ | प्रदेश वित्तीय समानीकरण अनुदान | ११७९४०००।०० | |
| **जम्मा(समानीकरण)** | | **१६९९९४०००।००** | |
| **ग)** | **समपुरक अनुदान** | | |
| १ | संघीय समपुरक अनुदान | ०।०० | |
| २ | प्रदेश समपुरक अनुदान | २००००००।०० | |
| | **जम्मा समपुरक अनुदान** | **२००००००।००** | |
| **घ)** | **विशेष अनुदान** | | |
| १ | संघीय विशेष अनुदान (पुँजिगत) | २३५०००००।०० | |
| २ | प्रदेश विशेष अनुदान | ३००००००।०० | |
| | **जम्मा विशेष अनुदान** | **२६५०००००।००** | |
| **ङ)** | **राजस्व बाँडफाँट** | | |
| १ | संघीय राजस्व बाँडफाट (अन्तशुल्क) | १५२८०००००।०० | |
| २ | प्रदेश राजस्व बाँडफाँट (सवारी) | १२५५००००।०० | |
| **जम्मा(राजश्व बाँडफाँट)** | | **१६५३५००००।००** | |
| **च)** | **आन्तरिक राजश्व अनुमान** | **१२६४३७०००।००** | |
| **छ)** | **नगद मौज्दात** | **१३७५०००००।००** | |
| **ज)** | **अन्य अनुदान/कार्यक्रमहरु** | | |
| **१** | **सामाजिक सुरक्षा तथा संरक्षण** | **३२५००००००।००** | |
| **२** | **लागत सहभागिता** | **३००००००००।००** | |
| **३** | **सडक बोर्ड नेपाल** | **५००००००।००** | |
| **४** | **अन्य निकाय/ संघ, संस्थाबाट प्राप्त हुने अनुदान तथा कार्यक्रमहरु** | **१५००००००।००** | |
| **कुल जम्मा** | | **१५१४८९२०००।००** | |

आ) आगामी आ.व. २०८१/०८२ को लागि देहाय बमोजिमको व्यय (बजेट) खर्च अनुमान गरिएको छ :

| क्र.सं. | विवरण | व्यय (खर्च) अनुमान | कैफियत |
|---|---|---|---|
| **क)** | **सशर्त बजेट तथा कार्यक्रमहरु** | | |
| १ | संघीय सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरु | ५०२६११०००।०० | |
| २ | प्रदेश सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरु | ९५०००००।०० | |
| ३ | संघीय समपुरक अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरु | ०।०० | |
| ४ | प्रदेश समपुरक अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरु | २००००००।०० | |
| ५ | संघीय विशेष अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरु | २३५०००००।०० | |
| ६ | प्रदेश विशेष अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरु | ३००००००।०० | |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण अन्तर्गत सामाजिक सुरक्षा भत्ता वितरण | ३२५००००००।०० | |
| ८ | लागत सहभागिता योगदान तर्फ(उ.स.) | ३००००००००।०० | |
| ९ | अन्य निकाय/संस्थाबाट प्राप्त भई सञ्चालन हुने कार्यक्रमहरु | १५०००००००।०० | |
| १० | सडक बोर्ड नेपालबाट सञ्चालन हुने सडक मर्मत सम्भार पूर्वाधार कार्यक्रम | ५००००००।०० | |
| | **सशर्त तर्फ जम्मा** | **९१५६११०००।००** | |
| ख) | **निशर्त बजेट तथा कार्यक्रम तर्फ** | | |
| १ | चालु खर्च (कार्यालय सञ्चालन तथा प्रशासनिक) | १६७००००००।०० | |
| २ | बहु-बर्षिय अनिवार्य दायित्व तथा भुक्तानी बाँकी बोलपत्र र उ.स. क्रमागत योजनाहरु | १६८७०००००।०० | |
| ३ | संघ/प्रदेशसँग समपुरक, तराई मधेश समृद्धि, सडकबोर्ड, बैकल्पिक उर्जा तथा अन्य निकाय/संस्थासँग साझेदारी कार्यक्रम | १००००००००।०० | |
| ४ | सबै (१७) वडाबाट सञ्चालन हुने वडास्तरिय योजना तथा कार्यक्रमहरु | १४३१४७०००।०० | संलग्न वडागत सिलिङ्ग अनुसार |
| ५ | **बिषय क्षेत्रगत नगरस्तरीय बजेट तथा कार्यक्रमहरु** (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण र विपद् व्यवस्थापन र संस्थागत विकास एवं सुशासन) | ११०४३४०००।०० | |
| | **निःशर्त तर्फ जम्मा** | **५९९२८१०००।००** | |
| | **कुल व्यय जम्मा** | **१५१४८९२०००।००** | |

| आ.ब. २०८१/०८२ मा वडास्तरबाट सञ्चालन हुने वडागत बजेट सिलिङ्ग | | | |
|---|---|---|---|
| क.सं. | वडा नं. | वडागत बजेट सिलिङ्ग | कैफियत |
| १ | १ | ९६५१००० | |
| २ | २ | ८९७९००० | |
| ३ | ३ | ७५७६००० | |
| ४ | ४ | ७६०५००० | |
| ५ | ५ | ८३८७००० | |
| ६ | ६ | ८१६५००० | |
| ७ | ७ | ९४४९००० | |
| ८ | ८ | ७४६९००० | |
| ९ | ९ | ७५०९००० | |
| १० | १० | ७३४१००० | |
| ११ | ११ | ७९६१००० | |
| १२ | १२ | ७३०२००० | |
| १३ | १३ | ७२५५००० | |
| १४ | १४ | ९७९६००० | |
| १५ | १५ | १०८४७००० | |
| १६ | १६ | ८३६९००० | |
| १७ | १७ | ९४८६००० | |
| | वडागत कुल जम्मा | १४३१४७००० | |